**नेपाली / *NEPALI***

**लागि:** सबै विद्यार्थीहरू, संकाय र कर्मचारीहरू

**बाट:**

Jake Baggott, *MLS*, *FACHA*, प्रमुख स्वास्थ्य अधिकारी, *UW–Madison*, कार्यकारी निर्देशक, *University Health Services*

Christopher Strang, *Ph.D*, *MPH*, सहायक उपकुलपति, *Environment, Health and Safety*

**विषय:** विद्यार्थी र कर्मचारीहरूका लागि दादुरा (*measles*) खोपको क्लिनिकहरू

---

क्याम्पस समुदायको लागि:

जनस्वास्थ्य अधिकारीहरूका साथ क्याम्पसका दादुरा केसहरू निगरानीमा राख्न हामीले मिलेर काम गर्ने क्रममा, *University of Wisconsin–Madison* ले हाम्रो समुदायको स्वास्थ्य जोगाउनका लागि कदमहरू चाल्दैछ। यी प्रयासहरूलाई समर्थन गर्नका लागि, *University Health Services* (*UHS*) ले खोप लगाउन चाहने कर्मचारी तथा विद्यार्थीहरूका लागि दादुरा, गलफुलो र रुबेला (*MMR*) को खोप क्लिनिकहरू आयोजना गर्नेछ।

*MMR* खोप क्लिनिकहरू स्वैच्छिक हुन् र दादुरा लाग्न सक्ने वा आफ्नो खोपको स्थितिको बारेमा थाहा नपाएका विद्यार्थीहरू र कर्मचारीहरूका लागि खुला छन्। कृपया ध्यान दिनुहोस् कि *UHS* खोप क्लिनिकहरूले सम्पर्कमा आएपछिको रोकथाम (*PEP*) को लागि खोप प्रदान गर्दैनन्। **यदि तपाईंलाई क्वारेन्टाइनमा बस्न निर्देशन दिइएको छ भने, खोप क्लिनिकमा उपस्थित हुन क्वारेन्टाइनमा बस्न नछोड्नुहोला।** मार्गदर्शनको लागि आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई सम्पर्क गर्नुहोला। विद्यार्थीहरूले *UHS* लाई 608-265-5600 मार्फत सम्पर्क गर्न सक्छन्।

यस हप्ता दुईवटा *MMR* खोप क्लिनिकहरू प्रदान गरिनेछ:

- **बुधबार, फेब्रुअरी ११** बिहान ८ बजेदेखि बेलुकी ५ बजेसम्म *Bakke Recreation and Wellbeing Center*, कक्षा १ र २ मा (यहाँ थिच्नुभएर दर्ता गर्नुहोस्)
- **बिहीबार, फेब्रुअरी १२** बिहान ८ बजेदेखि बेलुकी ५ बजेसम्म *Nicholas Recreation Center*, *Courts* १ र २ मा (यहाँ थिच्नुभएर दर्ता गर्नुहोस्)

भविष्यमा रातिमा प्रदान गरिने सहित थप खोप क्लिनिकहरू प्रदान गर्न सकिन्छ। थप क्लिनिकहरूको अपडेटहरू *UHS* वेबसाईटमा हेर्नुहोला।

पहिले नै दर्ता गर्न सल्लाह दिइन्छ तर यत्तिकै आएर खोपहरू लगाउन पनि उपलब्ध गराइएको छ। यदि तपाईंसँग छन् भने, खोप लगाउने समयमा आफ्नो *Wiscard* र स्वास्थ्य बीमा जानकारी ल्याउनुहोला। तपाईंलाई आफ्नो स्वास्थ्य इतिहास वा खोप स्थिति देखाउने कागजातहरू मागिने छैन। यदि तपाईंको व्यक्तिगत अवस्थाको आधारमा खोपको बारेमा प्रश्नहरू छन् भने, मार्गदर्शनको लागि आफ्नो प्राथमिक हेरचाह प्रदायकलाई सम्पर्क गर्नुहोला।

थप जानकारी र खोप लगाउने समयका लागि दर्ता गर्न, *UHS* वेबसाईट हेर्नुहोला। त्यहाँ धेरै सोधिने प्रश्नहरूको सूची पनि उपलब्ध छ।

हामी हाम्रो क्याम्पस समुदायको स्वास्थ्य र सुरक्षा कायम गर्न हाम्रा प्रयासहरू जारी राख्न प्रतिबद्ध छौं।

भवदीय,

**Jake Baggott, *MLS, FACHA***
प्रमुख स्वास्थ्य अधिकारी, *UW–Madison*
कार्यकारी निर्देशक, *University Health Services*

**Christopher Strang, Ph.D, MPH**
सहायक उपकुलपति,
*Environment, Health and Safety*